# सेती फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
टीकापुर, कैलाली, नेपाल
फोनः ०९१-५६०९५०/५६१२५६ फ्याक्सः ०९१-५६१२५६
Email - info@setifinance.com.np

## दशौं वार्षिक साधारण सभा बस्ने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२।११।१८ गते)**

यस फाइनान्सको मिति २०७२/११/१४ गते बसेको संचालक समितिको १६०औं बैठकको निर्णय अनुसार संस्थाको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०७२ चैत्र २० गते शनिवार (तदनुसार ०२ अप्रिल, २०१६) ।
**स्थान** : टीकापुर उद्योग वाणिज्य संघको सभा हल, टीकापुर, कैलाली ।
**समय** : बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**

**१. सामान्य प्रस्तावः**

क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७१/०७२ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसुचीहरु स्वीकृत गर्ने ।

ग) आर्थिक वर्ष २०७२/०७३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रस्तावित १४ प्रतिशत बोनश शेयरको कर प्रयोजनको लागि रु.४३१७११.९१ नगद लाभांश स्वीकृत गर्ने ।

**२. विशेष प्रस्तावः**

क) अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धी गर्न र तदनुरुप हुने गरी प्रवन्ध-पत्र तथा नियमावलीको सम्बद्ध दफामा संसोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

ख) संचालक समितिले सिरफरिस गरे बमोजिम प्रति शेयर १४ प्रतिशतका दरले जम्मा रु.७७,९२,४००/- (रु.सतहत्तर लाख बयानब्बे हजार चार सय) बोनश शेयर वितरण गर्ने ।

ग) संस्थाको हालको चुक्ता पूँजी रु.५ करोड ५६ लाख ६० हजारको १४ प्रतिशतका दरले हुन आउने बोनश शेयर वापतको रु.७७ लाख ९२ हजार ४ सय वितरण पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.६ करोड ३४ लाख ५२ हजार ४ शयको १ : १.५ (एक बराबर एक दशमलव पाँच) का दरले हकप्रद शेयर जारी गर्न र अधिकृत पूँजी १६ करोड तथा जारी पूँजी र चुक्ता पूँजी १५ करोड ८६ लाख ३१ हजार वृद्धी गर्न र तदनुरुप हुने गरी प्रवन्धपत्र तथा नियमावलीको सम्बद्ध दफामा संसोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

घ) प्रवन्ध-पत्र नियमावलीमा आवश्यक संसोधन गर्ने र नियमनकारी निकायवाट फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सो समेत समायोजन गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ङ) समूह (क) संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ४ र समूह (ख) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ३ को निर्वाचन गर्ने ।

च) फाइनान्सले अन्य उपयुक्त बैंक वित्तीय संस्थालाई/संग Merge गर्ने गराउने वा विदेशी रणनितिक साझेदार भित्रयाउने तथा सो सम्बन्धमा आवश्यक प्रकृया अगाठी बढाई सम्पूर्ण प्रकृया पूरा गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियार दिने सम्बन्धमा विशेष प्रस्ताव पारित गर्ने ।

**३. विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**नोटः साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७२ फागुन १८ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गरिन्छ ।**